# माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह (एम.एड) दोस्रो बर्षको आंशिक आवश्यकता पूरा गर्न प्रस्तुत

शोधपत्र


शोधकर्ता

ठाकुरप्रसाद खरेल

परीक्षा रोल नं.२४०००२३ (२०६६)

त्रि.वि.द.नं. ९-१-२४०-१२१८-९९

त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन


माघ, २०६८

माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता, शोधकर्ता: ठाकुरप्रसाद खरेल, २०६८

# पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, पाठ्यक्रम तथा मूल्याङ्कन विभागको स्नातकोत्तर तहका शोधकर्ता "ठाकुर प्रसाद खरेलले" माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निजबाट तयार पारिएको यस अध्ययनबाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

उप प्रा. होमनाथ सापकोटा

(शोध निर्देशक)

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मितिः- २०६८/१०/१५

# पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

## स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तहका शोधकर्ता ठाकुरप्रसाद खरेलद्वारा प्रस्तुत **"माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता"** शीर्षकको शोधपत्र मूल्याङ्कनको लागि स्वीकार गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

1. उप प्रा. श्री कुवेरनाथ शर्मा विभागीय प्रमुख ..........................

2. उप. प्रा. होमनाथ सापकोटा शोध निर्देशक

...........................

३ उप. प्रा. किरणराम रंजितकार वाह्य परीक्षक

.............................

मिति : २०६८/१०/२५

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, पाठ्यक्रम तथा मूल्ङ्कान  विभाग, एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि अनिवार्य पत्र Ed.CE 598 अन्तर्गत **"माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता"** शीर्षकमा यो शाधपत्र तयार गरिएको छ ।

यस शोधपत्र तयार गर्ने क्रममा प्रस्तावना लेखनदेखि आवश्यक सल्लाह, सुझाव प्रदान गर्नुहुने आदरणीय गुरु उप-प्राध्यापक श्री कुवेरनाथ शर्माज्यूप्रति आभार  व्यक्त गर्न चाहन्छु । यसैगरी शोध कार्यलाई सफल बनाउनका लागि शुरुदेखि अन्त्य सम्म सधैं सद्भावपूर्ण सल्लाह, सुझाव तथा मार्गदर्शन गर्नुहुने आदरणीय गुरु उप-प्राध्यापक श्री होमनाथ सापकोटाप्रति हृदय देखि नै हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

शोधपत्र तयार पार्ने सिलसिलामा तथ्याङ्क सङ्कलन कार्यमा सहयोग पुऱ्याउने नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापकहरु, सामाजिक अध्ययन विषयका शिक्षकहरु, सहभागी विद्यार्थीहरु, विद्यालय निरीक्षक र सम्बन्धित विद्यालयका अभिभावकहरुप्रति पनि आभार व्यक्त गर्न चाहन्छु । साथै लाइब्रेरी अध्ययनमा सहयोग पुऱ्याउनुहुने यस क्याम्पसका लाइब्रेरियनप्रति पनि आभार प्रकट गर्न चाहन्छु । भौतिक, आर्थिक र सामाजिक सहयोग गरी उच्च शिक्षासम्म पढ्ने अवसर प्रदान गर्नुहुने पूजनीय मातापिता भक्तकुमारी खरेल र मणिरत्न खरेलप्रति पनि हृदयदेखि नै आभार ज्ञापन गर्दछु । शोधकार्यलाई कम्प्युटर प्रिन्ट गरी सहयोग पुऱ्याउने सुजु फोटोकपीलाई पनि धन्यवाद दिन चाहन्छु ।

**ठाकुरप्रसाद खरेल**

सप्तगण्डकी बहुमुखी क्याम्पस

स्नातकोत्तर तह दोस्रो वर्ष

# शोधसार


माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता नामक यस शोधपत्रको मुख्य उद्देश्य माध्यमिक तहको सामाजिक अध्ययन विषय पाठ्यक्रमको उद्देश्यको सान्दर्भिकता पत्ता लगाउने, सामाजिक अध्ययन पाठ्यक्रममा समावेश गरिएका पाठ्यवस्तुहरुको सबल र दुर्वल पक्षहरुको मूल्याङ्कन गर्ने, माध्यमिक तहको सामाजिक अध्ययन विषय पाठ्यक्रममा उल्लेखित शिक्षण विधि र सामग्रीको औचित्य विश्लेषण गर्ने रहेको छ ।

गुणात्मक अनुसन्धान ढाँचामा तयार पारिएको शोधपत्रलाई पूर्णता प्रदान गर्नका लागि सम्भावनारहित नुमना छनौट विधि अन्तगर्तको उद्देश्यमूलक नमुना छनौट विधिका आधारमा चितवन जिल्लामा रहेका १३ वटा स्रोतकेन्द्र मध्य खैरहनी स्रोत केन्द्र अन्तर्गतका ३ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयका ६ जना सामाजिक विषयका शिक्षक, ६ जना प्र.अ., १ वि.नि, २४ जना विद्यार्थी र १२ जना अभिभावकमा अन्तर्वार्ता प्रश्नावली, बन्द प्रश्नावली र प्रत्यक्ष अवलोकनबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने पाठ्यपुस्तक, पत्रपत्रिका, लेखरचना जस्ता डकुमेन्ट्सको अध्ययन गरी द्वितीय तथ्याङ्कहरु लिइएको छ ।

अध्ययनको क्रममा प्राप्त भएका तथ्याङ्कहरुको व्याख्या र विश्लेषण गर्दा माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यक्रमले राखेका उद्देश्यहरु राष्ट्रिय उद्देश्यसँग सम्बन्धित भएको, समय सान्दर्भिक रहेको, समाजका अधिकांशले महत्वपूर्ण दृष्टिकोणले हेर्ने गरेको, विषयवस्तु, सामग्री र विधि एकआपसमा अन्तर सम्बन्धित भएको, इतिहास र भुगोलका विषयवस्तुहरु बढी भएको, उर्जा, ग्याँस, सोलार, जलविद्युत र जलवायु परिवर्तन जस्ता विषयवस्तु कमी भएको, इतिहास बाहेकका विषयवस्तुमा विद्यार्थीको रुची राम्रो भएको, शिक्षण विधि र सामग्री विद्यार्थीको स्तर र क्षमता अनुसारका भएपनि विविध कारणले विद्यालयमा उपलब्ध नभएकोले कक्षा शिक्षणमा पूर्ण रुपमा प्रयोग नभएको पाइयो । स्थानीय वातावरणमा उपलब्ध सामग्रीको प्रयोग भएपनि कम्प्युटर बाहेकका आधुनिक सामग्रीको प्रयोग नभएको पाइयो । सामाजिक विषय अध्यापन गर्ने विषयगत शिक्षकको अभाव भएको पाइयो ।

छनौटमा परेका ६ वटा माध्यमिक विद्यालयमा सामाजिक अध्ययन पाठ्यक्रम समयमा उपलब्ध नभएको देखियो । सामाजिक अध्ययन पाठ्यक्रमको उद्देश्य राष्ट्रिय उद्देश्यसँग पूर्ण सम्बन्धित रहेछ तर यसलाई पूरा गर्न समयको कमी भएको रहेछ । सामाजिक अध्ययन पाठ्यक्रमको उद्देश्य, विषयवस्तु, शिक्षण विधि र सामग्रीहरु उद्देश्यसँग सम्बन्धित, विद्यार्थीको रुचि, आवश्यकता र क्षमतासँग मिल्दो, समय सान्दर्भिक भएको तर यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा नल्याइएको रहेछ । साठी प्रतिशत विद्यार्थीहरुले मात्र सिकेका सिकाई अनुभवलाई चिठी, निबन्ध, समाचार, सम्पादकीय जस्ता विधाहरुमा प्रस्तुत गर्न सक्दा रहेछन् । पाठ्यक्रममा भएको ऐतिहासिक विषयवस्तुहरुलाई काँटछाँट गरी जलवायु, ग्याँस, उर्जा जस्ता विषयवस्तु थप्नु पर्ने देखियो । त्यस्तै विषयवस्तुको लम्बिय र क्षितिजीय संगठन मिलेको, विषयवस्तुमा लचकता भएको तर गतिशीलतामा कमि भएको, शिक्षण विधि र सामग्री औचित्यपूर्ण भएपनि उचित कार्यान्वयनमा आउन नसकेको, अत्याधुनिक शिक्षण सामग्रीको प्रयोग नभएको, शैक्षिक भ्रमण बर्षको अन्त्यमा मात्र हुने गरेको रहेछ ।

समग्र अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा पाठ्यक्रम समयमै विद्यालयमा उपलब्ध हुनुपर्ने, शिक्षकले त्यसको अध्ययन गर्नुपर्ने, पाठ्यक्रममा लोकतान्त्रिक मूल्य र मान्यताअनुसारको विषयवस्तुहरु, प्राकृतिक श्रोत र साधनसँग सम्बन्धित विषयवस्तु, उर्जा, जलवायु परिवर्तनसँग सम्बन्धित विषयवस्तुहरु थप्नु उपयुक्त हुन्छ । उद्देश्यलाई सार्थक बनाउन पाठ्यभार बढाउने, विद्यार्थी केन्द्रित शिक्षण विधि, आधुनिक शिक्षण-सामग्री, विषयगत शिक्षकको व्यवस्थापनमा ध्यान दिनुपर्दछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयका निमित्त अतिरिक्त क्रियाकलापमा पनि ध्यान दिनुपर्दछ । पाठ्यक्रमलाई समाजसँग बढी सान्दर्भिक बनाउन सामुदायिक क्रियाकलाप र समसामयिक घटना जस्ता विषयवस्तुहरुको अध्ययन, अध्यापनमा जोड दिनुपर्दछ ।

## विषयसूची


सिफारिस-पत्र I

स्वीकृति-पत्र II

कृतज्ञता III

शोधसार IV

विषय सूची VI

**परिच्छेद एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमि 1

१.२ समस्याको कथन 5

१.३ अध्ययनको औचित्य 7

१.४ अध्ययनको उद्देश्य 9

१.५ अनुसन्धानात्मक प्रश्नहरु 9

१.६ अध्ययनको परिसीमाहरु 10

**परिच्छेद - दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन 11

२.२ अध्ययनको सैद्धान्तिक खाका 16

२.३ शैक्षिक उपादेयता 21

**परिच्छेद-तीन : अध्ययनको विधि र प्रक्रियाहरु**

३.१ अनुसन्धान ढाँचा 22

३.२ जनसङ्ख्या र नमुना छनौट 22

३.३ तथ्याङका स्रोतहरुः 23

३.४ अनुसन्धानको विधि तथा साधनहरु 23

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया 23

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया 24

**परिच्छेद-चार : तथ्याङ्कको व्याख्या र विश्लेषण**

४.१ माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमको उद्देश्यको सान्दर्भिकता 25

4.1.1 उद्देश्यको राष्ट्रियसँग सम्बन्ध २५

४.१.२ उद्देश्यको समय र समकालीन समाजसँग सान्दर्भिकता २६

४.१.३ सामाजिक अध्ययन विषयलाई हेर्ने दृष्टिकोण २८

४.२ सामाजिक अध्ययन पाठ्यक्रममा समावेश गरिएका पाठ्यवस्तुहरुको सबल र दुर्बल पक्षहरु 29

४.२.१ पाठ्यवस्तुहरुको उद्देश्यसँग सान्दर्भिकता ३०

४.२.२ विषयवस्तुको पर्याप्तता, उपयोगिता र व्यवहारिकता ३१

४.२.३ विद्यार्थीको रुची, आवश्यकता, स्तर र क्षमताअनुसारको विषयवस्तु ३२

४.२.४ विषयवस्तुको लम्बीय र क्षितिजीय संगठन ३३

४.२.५ विषयवस्तुमा लचकता र गतिशीलता ३४

४.३ शिक्षण विधि र सामग्रीको औचित्य 35

4.3.1 पाठ्यक्रमको उद्देश्य पूरा गर्ने साधनको रुपमा शिक्षण विधि र सामग्रीहरु ३६

४.३.२ विद्यार्थीको स्तर र क्षमताअनुसारको विधि र सामग्री ३७

४.३.३ सामाजिक अध्ययन विषय शिक्षणमा अत्याधुनिक शिक्षण सामग्रीको प्रयोग ३९

४.३.४ स्थानीय वातावरणमा उपलब्ध र स्वनिर्मित शिक्षण सामग्रीको प्रयोग ३९

४.३.५ सामाजिक अध्ययन शिक्षणमा क्षेत्रभ्रमण विधिको प्रयोग ४०

**परिच्छेद-पाँच : प्राप्ति, निष्कर्ष र सुझाव**

५.१ प्राप्ति 42

५.२ निष्कर्ष 45

५.३ सुझावहरु 47

5.3.1 नीति निर्माण तह ४७

५.३.२ कार्यान्वयन तह ४८

५.३.३ अनुसन्धान तह ५०

**सन्दर्भसामग्री**

**अनुसूचीहरु**